# विशिष्टीकरण तालिका र नमुना प्रश्नपत्र, २०८१

## विशिष्टीकरण तालिका

विषय: सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा — समय: २ घण्टा

कक्षा : ८ — पूर्णाङ्क : ५०

| एकाइ | कार्य घण्टा | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | एकाइगत अङ्क विभाजन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | |
| १. हामी र हाम्रो समाज | १६ | १ (१) | | | | १ (३) | | | | | ४ |
| २. हाम्रा मानव मूल्य मान्यता | २० | १ (१) | १ (१) | | | | १ (३) | | | | ५ |
| ३. नागरिक चेतना | २० | १ (१) | | | | | | | | १ (५) | ६ |
| ४. सामाजिक समस्या, विकृति र समाधान | २० | | १ (१) | १ (१) | १ (३) | | | | | | ५ |
| ५. हाम्रो विगत | २० | | | | १ (३) | | | १ (५) | | | ८ |
| ६. हाम्रा आर्थिक क्रियाकलाप | २० | १ (१) | १ (१) | | | | | १ (५) | | | ७ |
| ७. हाम्रो पृथ्वी | २० | | | | १ (३) | | | | १ (५) | | ८ |
| ८. जनसङ्ख्या र यसको व्यवस्थापन | १२ | | | | | | १ (३) | | | | ३ |
| ९. हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | १२ | | | १ (१) | | १ (३) | | | | | ४ |
| जम्मा | १६० | ४ | ३ | २ | ३ | २ | २ | २ | १ | १ | ५० |
| जम्मा प्रश्न सङ्ख्या र अङ्कभार | | ९×१ = ९ | | | ७×३ = २१ | | | ४×५ = २० | | | |

| प्रश्नका किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्कभार |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | ४ × ५ = २० |
| छोटो उत्तर आउने प्रश्न | ७ | ७ × ३ = २१ |
| धेरै छोटो उत्तर आउने प्रश्न | ९ | ९ × १ = ९ |
| **जम्मा** | २० | ५० |

**द्रष्टव्य :**

- उच्च दक्षतामा विश्लेषण, समालोचनात्मक चिन्तन, मूल्य र अभिवृत्तिसँग सम्बन्धित प्रश्नहरू सोध्न सकिने छ।
- ज्ञान बोधबाट ४६ प्रतिशत, प्रयोग र सिर्जनशीलताबाट २८ प्रतिशत र उच्च दक्षताबाट २६ प्रतिशत अङ्कभार रहने छन्।

CamScanner

# प्रथम त्रैमासिक परीक्षा २०८१

| एकाई | पाठ |
| --- | --- |
| १ | १, २ |
| २ | १, २, ३ |
| ३ | १, २ |
| ४ | १, २ |
| ५ | १, २ |
| ६ | १, २ |
| ७ | १, २, ७ |
| ८ | १ |
| ९ | १, २ |

# दोस्रो त्रैमासिक परीक्षा २०८१

| एकाई | पाठ |
| --- | --- |
| १ | १, २, ३ |
| २ | १, २, ३, ४, ५ |
| ३ | १, २, ३, ४ |
| ४ | १, २, ३ |
| ५ | १, २, ३, ४, ५ |
| ६ | १, २, ३ |
| ७ | १, २, ३, ४, ७ |
| ८ | १, २, ३ |
| ९ | १, २, ३ |

# तेस्रो त्रैमासिक परीक्षा २०८१

| एकाई | पाठ |
| --- | --- |
| १ | १, २, ३, ४ |
| २ | १, २, ३, ४, ५, ६, ७ |
| ३ | १, २, ३, ४, ५, ६ |
| ४ | १, २, ३, ४ |
| ५ | १, २, ३, ४, ५, ६, ७ |
| ६ | १, २, ३, ४ |

CamScanner

| एकाई | पाठ |
|---|---|
| ७ | १.२.३.४.५.७ |
| ८ | १.२.३ |
| ९ | १.२.३.४ |

## वार्षिक परीक्षा २०८१

| एकाई | पाठ |
|---|---|
| १ | १.२.३.४.५ |
| २ | १.२.३,४,५,६,७,८,९ |
| ३ | १.२.३,४.५,६.७ |
| ४ | १,२.३.४,५ |
| ५ | १,२.३.४,५.६,७,८ |
| ६ | १,२.३,४,५ |
| ७ | १.२.३.४,५,६,७ |
| ८ | १,२,३,४ |
| ९ | १.२.३.४.५ |

CamScanner

# नमुना प्रश्न
## प्रथम त्रैमासिक परीक्षा २०८१

कक्षा: ८ | समय: २ घण्टा | पूर्णाङ्क ५०

विषय: सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | उत्तीर्णाङ्क २०

### समूह 'क'

अति छोटो उत्तर आउने प्रश्नहरु ९×१ = ९

१. विकासको पूर्वाधार भनेको के हो? एक वाक्यमा परिभाषित गर्नुहोस्।
२. मानसिक शान्ति भनेको के हो?
३. गुठी र रोदी परम्परा बीचको भिन्नता लेख्नुहोस्।
४. संविधान भनेको के हो?
५. फजुल खर्च विरुद्ध सचेतना जगाउने एक आकर्षक नारा तयार गर्नुहोस्।
६. दाइजो तिलक र दिनुलाई किन सामाजिक विकृति भनिन्छ?
७. नेपालमा कागजी मुद्रा कहिलेबाट प्रचलनमा आएको हो?
८. तपाईंको समुदायमा रहेका कुनै दुई वित्तीय संस्थाको नाम लेख्नुहोस्।
९. BIMESTEC को पूरा रूप लेख्नुहोस्।

### समूह 'ख'

छोटो उत्तर आउने प्रश्नहरु ७×३ = २१

१०. दक्ष, अर्धदक्ष र अदक्ष जनशक्तिलाई उदाहरणसहित परिभाषित गर्नुहोस्।
११. तपाईं आफ्नो समुदायमा प्रचलित परम्पराको संरक्षणमा कस्तो भूमिका खेल्न सक्नुहुन्छ? तीन बुँदामा प्रष्ट पार्नुहोस्।
१२. बौद्धिक पलायन भनेको के हो? यसका कारणहरु लेख्नुहोस्।
१३. नेपालको नामाकरण सम्बन्धी कुनै तीनवटा भाषिक आधारहरु उल्लेख गर्नुहोस्।
१४. हावापानी भनेको के हो? यसलाई प्रभाव पार्ने तत्वहरुको सूचि बनाउनुहोस्।
१५. "बसाईसराई जनसङ्ख्या परिवर्तनको एक महत्वपूर्ण तत्व हो।" तर्कसहित पुष्टि गर्नुहोस्।
१६. दूतावास भनेको के हो? राजदूतावासले गर्ने कुनै चार कार्यहरु लेख्नुहोस्।

CS CamScanner

## समूह 'ग'

लामो उत्तर आउने प्रश्नहरु ४×५=२०

१७. सङ्घीय संसदबाट कानुन बन्ने प्रक्रिया समावेश गरी संवाद तयार पार्नुहोस् ।

१८. गोपाल, महिषपाल र किरांत कालको सामाजिक तथा आर्थिक अवस्थाका बारेमा छोटकरीमा लेख्नुहोस् ।

१९. मौद्रिक कारोबार भनेको के हो ? आर्थिक क्रियाकलापमा यसको महत्व पुष्टि गर्नुहोस् ।

२०. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई निम्न तथ्यहरु भर्नुहोस् ।

(क) कफि उत्पादन क्षेत्र (ख) धौलागिरी हिमाल (ग) पोखरा

# नमुना प्रश्न

## दोस्रो त्रैमासिक परीक्षा २०८१

कक्षा: ८ | समय: २ घण्टा | पूर्णाङ्क ५०

विषय: सामाजिक अध्ययन तथा मानव मुल्य शिक्षा | उत्तिर्णाङ्क २०

### समूह 'क'

अति छोटो उत्तर आउने प्रश्नहरु $9 \times 1 = 9$

१. प्राकृतिक स्रोत साधन भन्नाले के बुझिन्छ ?
२. ढिकुर र बडघर कुनकुन समुदायमा प्रचलित सामाजिक परम्परा हो?
३. सकारात्मक विभेद भनेको के हो ?
४. सङ्घीय प्रतिनिधि सभाका प्रत्यक्ष र समानुपातिक सदस्यको सङ्ख्या उल्लेख गर्नुहोस् ।
५. दाइजो प्रथा विरुद्ध एक आकर्षक नारा तयार पार्नुहोस् ।
६. वस्तु विनिमय भनेको के हो ?
७. बौद्धिक पलायनलाई पूँजी पलायन पनि भनिन्छ, किन ?
८. मोबाइल बैङ्किङ सेवाको कुनै दुई फाइदा लेख्नुहोस् ।
९. विश्वमा हालसालै घटेको कुनै एक समसामयिक घटना उल्लेख गर्नुहोस् ।

### समूह 'ख'

छोटो उत्तर आउने प्रश्नहरु $7 \times 3 = 21$

१०. मानव जीवनमा खाने पानीको महत्व उल्लेख गर्नुहोस् ।
११. "विविधतामा एकता नेपाली समाजको विशेषता" यस भनाईलाई उपर्युक्त उदाहरणसहित पुष्टि गर्नुहोस् ।
१२. सामाजिक समस्या र विकृतिले समाजमा कस्तो असर पार्ने गर्दछ ? सूचि तयार गर्नुहोस् ।
१३. सहिदहरूबाट हामीले कस्तो प्रेरणा पाउन सक्छौं ? छोटकरीमा लेख्नुहोस् ।
१४. जलवायु परिवर्तनका तीनवटा कारणहरु उल्लेख गर्नुहोस् ।
१५. २०७८ सालमा एउटा गाउँको मध्यवर्षको जनसङ्ख्या ५,००० थियो र त्यो गाउँमा १०० जीवित शिशु जन्मिए भने उक्त गाउँको कोरा जन्मदर गणना गर्नुहोस् ।
१६. संयुक्त राष्ट्रसङ्घ शीर्षकमा समाचार तयार पार्नुहोस् ।

CS CamScanner

## समूह 'ग'

### लामो उत्तर आउने प्रश्नहरु

४×५=२०

१७. सङ्घीय सरकारका कार्यहरु जनमुखी हुनुपर्छ, किन? आफ्ना तर्कहरु प्रस्तुत गर्नुहोस्।

१८. लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नकालागि गर्न सकिने पाँच प्रयासहरु लेख्नुहोस्।

१९. पर्यटन उद्योग भनेको के हो? नेपालमा पर्यटन उद्योगको महत्व उल्लेख गर्नुहोस्।

२० पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई निम्न तथ्यहरु भर्नुहोस्।

(क) घोडाघोडीताल (ख) मुक्तिनाथ (ग) चितवन राष्ट्रिय निकुञ्ज।

'सफलताको शुभकामना'

CamScanner

# नमुना प्रश्न

## तेस्रो त्रैमासिक परीक्षा २०८१

कक्षा: ८ समय: २ घण्टा पूर्णाङ्क ५०

विषय: सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा उत्तीर्णाङ्क २०

### समूह 'क'

अति छोटो उत्तर आउने प्रश्नहरू ९×१=९

१. मानव स्रोत साधनको परिचय दिनुहोस् ।
२. माइजन परम्पराका कुनै दुई विशेषता लेख्नुहोस् ।
३. "नेपाल धार्मिक सहिष्णुता भएको देश हो ।" यो भनाइलाई पुष्टि गर्ने कुनै एक उदाहरण दिनुहोस् ।
४. संविधानलाई किन देशको मूल कानुन भनिन्छ ?
५. भ्रष्टाचार विरुद्ध जनचेतना जगाउने एउटा आकर्षक नारा तयार गर्नुहोस् ।
६. समाजमा द्वन्द्व सिर्जना हुने दुई कारणहरू उल्लेख गर्नुहोस् ।
७. ATM को पूरा रूप लेख्नुहोस् ।
८ वित्तीय संस्थाले हामीलाई उपलब्ध गराउने कुनै दुई सेवाहरू उल्लेख गर्नुहोस् ।
९ संयुक्त राष्ट्रसङ्घको स्थापना कहिले भएको थियो ?

### समूह 'ख'

छोटो उत्तर आउने प्रश्नहरू ७×३=२१

१०. 'सङ्घीय राज्य' विषयमा समाचार तयार पार्नुहोस् ।
११. राष्ट्रिय सम्पदा भनेको के हो ? यी सम्पदाहरूको संरक्षण गर्ने चार उपायहरू लेख्नुहोस् ।
१२. बौद्धिक पलायन भनेको के हो ? बौद्धिक पलायन रोक्ने दुई उपाय लेख्नुहोस् ।
१३. प्राचीन ग्रिक र रोम सभ्यताका कुनै तिन प्रभावहरू उल्लेख गर्नुहोस् ।
१४. सार्कको स्थापनाका उद्देश्यहरू उल्लेख गर्नुहोस् ।

CamScanner

१५. जनसङ्ख्या परिवर्तनका निर्धारक तत्वहरूलाई छोटकरीमा व्याख्या गर्नुहोस्।

१६. साईबर अपराध विषयमा संवाद तयार पार्नुहोस्।

## समूह 'ग'

लामो उत्तर आउने प्रश्नहरू 4×5=20

१७. "जनताले जनताको लागि जनताद्वारा गरिने शासन लोकतान्त्रिक शासन हो।" आफ्नो विचार व्यक्त गर्नुहोस्।

१८. नेपालमा प्रजातन्त्रको स्थापना गर्न सहिदहरूले पुर्याएको योगदानको चर्चा गर्नुहोस्।

१९. व्यापार भनेको के हो? आन्तरिक र बाह्य व्यापारबिच भिन्नता छुट्याउनुहोस्।

२०. पूरा भरिने गरी नेपालको नक्सा बनाई निम्न तथ्यहरू भर्नुहोस्।

(क) अपि हिमाल (ख) सगरमाथा राष्ट्रिय निकुञ्ज (ग) लुम्बिनी

'सफलताको शुभकामना'

वार्षिक परीक्षा

# नमुना प्रश्नपत्र

**कक्षा :** ८ | **पूर्णाङ्क :** ५०

**विषय :** सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | **समय :** २ घण्टा

## समूह (क)

**अति छोटो उत्तर आउने प्रश्नहरू** ९×१ = ९

१. विकास भनेको के हो ? एक वाक्यमा परिभाषित गर्नुहोस्।

२. राष्ट्रिय सम्पदा संरक्षण गर्ने कुनै एक उपाय लेख्नुहोस्।

३. तपाईंको समाजमा सामाजिक एकता र सद्भाव कायम राख्न तपाईंले गर्नुभएको कुनै एक व्यावहारिक अभ्यास उल्लेख गर्नुहोस्।

४. समावेशीकरणको महत्त्व एक वाक्यमा उल्लेख गर्नुहोस्।

५. आफ्नो समुदायमा विद्यमान सामाजिक समस्या हटाउन तपाईंले गर्दै आउनु भएको कुनै एक क्रियाकलाप उल्लेख गर्नुहोस्।

६. नेपालमा सामाजिक समस्या सिर्जना हुनमा कुन तत्त्व बढी जिम्मेवारी भएको ठान्नुहुन्छ र किन ? आफ्नो विचार एक वाक्यमा लेख्नुहोस्।

७. वैदेशिक रोजगारीले सामाजिक जीवनमा पारेको कुनै एक प्रभाव लेख्नुहोस्।

८. पर्यटन उद्योगको विकासका लागि चाल्नुपर्ने ठोस कदमको सम्बन्धमा आफ्नो वडाका वडाध्यक्षलाई दिने कुनै एक सुझाव प्रस्तुत गर्नुहोस्।

९. कानुनको प्रभावकारी कार्यान्वयनले कसरी साइबर अपराध नियन्त्रण गर्न सकिन्छ ? एक वाक्यमा लेख्नुहोस्।

## समूह (ख)

**छोटो उत्तर आउने प्रश्नहरू** ७ × ३ = २१

१०. शिक्षाले तपाईंको जीवनमा पारेका कुनै तीन सकारात्मक प्रभाव उदाहरणसहित लेख्नुहोस्।

११. नेपालको राष्ट्रिय सम्पदा संरक्षणमा तपाईंको भूमिकालाई कसरी प्रभावकारी बनाउनु हुन्छ ? कुनै तीन बुँदामा उल्लेख गर्नुहोस्।

१२. द्वन्द्व भनेको के हो ? द्वन्द्व व्यवस्थापनका कुनै दुई उपाय लेखी छोटो व्याख्या गर्नुहोस्।

१३. हाम्रा वीर सहिद पाठ अध्ययनपश्चात् तपाईंले प्राप्त गर्नुभएका कुनै तीन प्रेरणा उल्लेख गर्नुहोस्।

१४. मौसम र हावापानीबिचको फरक कुनै तीन बुँदामा स्पष्ट पार्नुहोस्।

१५. नेपालमा जनसङ्ख्या वितरण असमान छ, किन ? आफ्ना तर्क तीन बुँदामा प्रस्तुत गर्नुहोस्।

१६. नेपालले संयुक्त राष्ट्र सङ्घमा पुऱ्याएको योगदानलाई समेटी दुई साथीबिच हुने संवादको नमुना तयार पार्नुहोस्।

## समूह (ग)

**लामो उत्तर आउने प्रश्नहरू** ४ × ५ = २०

१७. नेपालमा सुशासन कायम गर्न कुन कुन पक्ष बाधक देखिन्छन् र किन ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस्।

१८. पुनर्जागरण भनेको के हो ? पुनर्जागरणले विश्वमा पारेका प्रभावमध्ये कुनै तीन प्रभाव उल्लेख गर्नुहोस्।

१९. नेपालको आर्थिक विकासमा पर्यटन उद्योगले पुऱ्याएको योगदानको चर्चा गर्नुहोस्।

२०. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई आफू बसेको प्रदेशमा पर्ने कुनै एक धार्मिक स्थल र एक नदी सङ्केतमा देखाउनुहोस्।

❖❖❖

CamScanner